# गुलरिया नगरपालिकाको बार्षिक प्रगति समिक्षा कार्यक्रमको प्रतिबेदन - २०७१ आश्विन २८

प्रतिबेदन तयार गर्ने
कपिल घिमिरे
शुभकान्त आचार्य

## पृष्ठभूमि/भूमिका

नेपालको मध्यपश्चिमान्चल विकास क्षेत्र, भेरी अन्चल वर्दिया जिल्लाको सदरमुकाममा साविक तिनवटा गाउँ विकास समितिलाई समावेश गरी मिति २०५३ साल माघ ११ गते स्थापना भएको गुलरिया नगरपालिकाको पूर्वमा बबई भादानदी, पश्चिममा ताराताल र सानोश्री गा.बि.स., उत्तरमाबबई भाद्यानद्वी तथा दक्षिणमा भारतको उत्तर प्रदेश यति चारकिल्लाभित्र अवस्थित यस नगरपालिकाको क्षेत्रफल ९१.१९ वर्ग किलोमिटर रहेको छ ।

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली बमोजिम प्रत्येक बर्षको पहिलो चौमासिक भित्र अघिल्लो आर्थिक वर्षको आयोजना र कार्यक्रमको बार्षिक समिक्षा गर्नुपर्ने कानूनी व्यवस्था अनुसार गत बर्षको बार्षिक कार्यक्रम सम्मिलित प्रगतिको प्रमुख जिल्ला अधिकारी डा. मान बहादुर वि.के.ज्यूको प्रमुख आतिथ्यमा तथा नगरप्रमुख एवं कार्यकारी अधिकृत विष्णु प्रसाद गुरुङज्यूको अध्यक्षतामा र वर्दिया जिल्लामा कृयाशिल राजनैतिक दलका प्रतिनिधीहरु तथा सरोकारवाला सवै वर्गहरु सम्मिलित १२३ जनाको उपस्थितीमा मिति २०७१ आश्विन २८ गते आ.व. २०७०/०७१ को वार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न गरिएको थियो ।

## औचित्य

यस वार्षिक प्रगति समिक्षा २०७१ को प्रमुख औचित्य भनेको एक आर्थिक बर्षभरी भए गरेका कामहरुको समग्र मुल्यांकन गरी प्राप्त उपलब्धी तथा अर्थपूर्ण राय सुझाव संकलन गरी सोको आधारमा नगरको विकास निर्माण कार्यमा सहयोग पुर्‍याउनु रहेको छ ।

## सीमा

यस प्रतिबेदनको सीमा संक्षिप्तरुपमा निम्नानुसार रहेको छ ।

- गुलरिया नगरपालिका क्षेत्रभित्रका कार्यक्रम मात्र समेटिएको ।
- कार्यक्रमको समय एक दिन मात्र रहेको ।

## उद्देश्यहरु

यस प्रगति समिक्षा रिपोर्टको निम्नानुसारका उद्देश्यहरु रहेका छन ।

- वर्षभरीका कार्यक्रमहरुको मुल्यांकन हुनु ।
- नगरपालिकाको कार्यक्रमहरुको पहिचान हुनु ।
- कार्यक्रमहरुमा दीगोपना खोजिनु तथा पृष्ठपोषण प्राप्त हुनु ।

## लक्ष्य

विकासका गतिविधीहरुलाई दीगोपना गराई समुन्नत गुलरिया नगरपालिकाको निर्माण गर्नु नै यसको एकमात्र लक्ष्य रहेको छ ।

## विधि

प्रस्तुत आर्थिक वर्ष ०७०/०७१ को वार्षिक प्रगतिको व्यहोराको अध्ययन ।

- छलफल तथा अन्तरकृयाका विषयवस्तु हेरिएको ।

- उठेका सवालहरुको टिपोट ।
- जिज्ञासा उपरको सुनुवाई प्रस्तुति अध्ययन ।
- नगरपालिकाको गतिविधी समग्र अध्ययन आदि ।

मुख्य मुख्य भए गरेका कृयाकलापहरु

१) गुलरिया नगरपालिकाको आर्थिक बर्ष २०७०/०७१ को वार्षिक प्रगति समेटिएको फाइल नगरप्रमुख/कार्यकारी अधिकृत श्री बालाराम शर्माज्यूबाट कार्यक्रम प्रस्तुत ।

२) कार्यक्रममा उपस्थित नगरबासी, नागरिक समाजका अगुवा, संघ संस्थाहरुबाट निम्न मुख्य मुख्य सवालहरु उठाइएको थियो ।

- हालै आएको बाढीले नगरका अधिकांश भागमा असर पारेकोले पुर्ननिर्माणका लागि नगरपालिकांबाट बजेटको ब्यवस्था होस ।
- पशुवधशालाको विधिवत ब्यवस्थापन र संचालन हुनुपर्ने ।
- एम.सि. पि. एम.को सूचकलाई बढी ध्यान दिनुपर्ने ।
- कृष्णसार क्षेत्रमा किन प्रयाप्त बजेट विनियोजन हुन नसकेको हो ?
- कैलास नगर जाने बाटोमा पर्ने पुल हालसम्म किन निर्माण हुन नसकेको, योजनामा नदेखिएको हो ?
- जि.वि.स. रम्मापुर सडक जिर्ण छ, पुरानो बाटोको स्तरोन्नतिमा किन ध्यान नदिएको हो ?
- शहरी स्वास्थ्य कार्यक्रमको अवश्था के छ ?
- मथुराहरिद्वार क्षेत्र विकासमा किन पछाडी पर्दछ ?
- लक्षित वर्गको विकासमा बढी जोड दिनुपर्छ ।
- वाइपास सडकको विकासमा अघी बढी हालौं ।
- प्रकोप ब्यवस्थापन बारे नगरपालिकाको धारणा के छ ?
- बबई नदीलाई किन अवसरको रुपमा लिन नसकिएको हो ?
- बबई नदि तटबन्धनको विषयमा नगरपालिका सँग कस्ता कार्यक्रम छन ?
- विपत ब्यवस्थापन योजना तर्फ ध्यान दिई अगाडी बढ्नुपर्छ ।
- वाइपास सडकको किन स्तरोन्नति हुन सकिरहेको छैन ?
- रेडक्रस आँखा अस्पतालको बाटो यसै बर्ष पिच गर्नु पर्‍यो ।
- खुला दिशा मुक्त क्षेत्र घोषणा गर्नका लागि के के कार्यक्रम रहेको छ ?
- नगरमा वृक्षारोपण कार्यलाई तिव्रता दिन जरुरी छ ।
- ल्याण्डफिल निर्माणतर्फ सबै तह र तप्का मिलेर अगाडी बढ्न जरुरी छ ।

३) यसरी उठेका जिज्ञासा तथा सवालहरुको कार्यकारी अधिकृत बालाराम शर्मा र शाखा अधिकृत मुकुन्द अर्यालबाट निम्न बमोजिम सम्बोधन भएको थियो ।

- हालै आएको बाढीको प्रकोपको सम्वन्धमा स्टिमेट, प्रस्ताव र जिल्ला दैवी प्रकोप समितिको निर्णय संलग्न गरि स्विकृतीका लागि मन्त्रालय पठाइएको छ ।
- पशुवधशालालाई व्यवस्थित संचालन गर्न न.पा. कटिबद्ध रहेको छ ।
- स्रोत साधनको सिमितता, कमजोर आन्तरिक आय, वर्तमान अवश्था परिस्थिती आदी विविध कारणहरुले गर्दा आवश्यकता अनुसारका सवै योजनाहरु एकै पटक संचालन गर्न नसकिएको हो ।
- नगरक्षेत्रका बाटाहरुमा रुख विरुवा लगाउन गुलरिया नगरपालिका कटिबद्ध रहेको छ ।
- ल्याण्डफिल साइडको काम अघि बढाउने काममा नगरपालिका तम्तयार रहेको छ । यसतर्फ सवै तह र तप्काबाट नगरपालिकालाई सहयोग गर्न अपिल गर्दछु ।
- गुलरिया बचाउ अभियानमा नगरपालिका लागि परेको छ । जि.आइ.जेड / सुनाग ले बबई नदी तटबन्धन सम्वन्धमा गुरुयोजनाको निर्माण कार्य अघि बढाएको छ । नगरपालिकाकै सकृयतामा सर्वपक्षिय बैठक बसी विभिन्न मन्त्रालय, विपत व्यवस्थापन महाशाखा, जल उत्पन्न प्रकोप कार्यालय लगायतका कार्यालयमा पत्राचार गरिएको र यसै चालु आ.व.मा निर्माण कार्य अघि बढ्ने जानकारी प्राप्त भएको छ ।
- शिक्षा, स्वास्थ्य, फोहरमैला व्यबस्थापन, सडकबत्ति जस्ता कार्यक्रममा ध्यान पुऱ्याएकै छ ।
- पशु वधशाला यस विकास क्षेत्रमै गुलरिया नगरपालिकाले संचालनमा ल्याएको छ । यो अनुकरणीय काम हो ।
- गुलरिया तरकारी हाटबजार, पशु हाटबजारको व्यवस्थापनमा नगरपालिकाले कुनै कमी आउन दिने छैन ।
- गुलरिया रम्मापुर सडक व्यवस्थापनमा नगरपालिकाले ध्यान दिनेछ ।
- विकास निर्माणमा प्राप्त बजेट फ्रिज हुन दिइएको छैन ।

४) बर्दिया जिल्लामा कृयाशिल राजनैतिक दलहरुमा क्रमशः एकिकृत ने.क.पा. माओवादी, नेपाली काँग्रेस, ने.क.पा. एमाले, मधेसी जनअधिकार फोरम, सदभावना पार्टी, रा.प्र.पा., नेपाल परिवार दल लगायतका दलहरुले नगरपालिकाको कार्यमा शुभकामना प्रदान गरेका थिए ।

५) नगरपालिकाबाट गुलरिया नगरपालिकाको आर्थिक बर्ष ०७०/०७१ को बार्षिक कार्यक्रम पेश गर्दै उठेका जिज्ञासा सवालहरुको विषयमा गहन छलफल गरी प्राप्त राय सुभाव लिई समिक्षा गोष्ठी सम्पन्न भएको थियो ।

## निष्कर्ष

**वार्षिक प्रगति समिक्षा गोष्ठीको निम्न बमोजिम निष्कर्ष रहेको पाइयो ।**

- नगरको वार्षिक कार्यक्रम अन्तर्गत भए गरेका कार्यक्रमको सार्वजनिकरुपमा समिक्षा हुनु ।
- गुलरिया क्षेत्रभित्रका मात्र नभई समग्र बर्दियाका प्रतिष्ठित व्यक्तिहरुको सहभागिता हुनु ।
- नगरको विकासमा सबै पक्षको चासो बढ्नु ।
- समुदायका व्यक्तिहरु विकासका कामहरुमा लागिपर्नु।
- राजनैतिक दलहरुको भूमिका अत्यन्तै सराहाना योग्य हुनु ।
- सबै सरोकारवालाहरुको उपस्थिती हुनु ।

## सुझाव

- समिक्षा गोष्ठीमा अधिकतम पछाडी परेका वर्गहरुको प्रतिनिधित्व नभएको पाइयो तर अझ बढी प्रतिनिधित्व गराउँदा थप प्रभावकारी हुने थियो ।
- गैर सरकारी संस्थाहरु नगरपालिकासँग सगैं मिली काम गरेको पाइएन, यस तर्फ आगामी दिनमा ध्यान दिनुपर्ने देखिन्छ ।
- नगरपालिकाबाट पेश भएको वार्षिक प्रगति कार्यक्रममा पेश भएका कार्यक्रमहरु एकदमै राम्रा छन । ति कार्यक्रमहरुको दीगोपना तर्फ ध्यान दिने समेतका कार्यक्रमहरु भै दिएको भए अझ बढी राम्रो हुने थियो ।
- आन्तरिक आय राम्रो छ तर अन्य नगरपालिकाको दाँजोमा कम रहेको छ । आन्तरिक आय बृद्धि तर्फ नगरपालिकाले ध्यान दिन अति आवश्यक रहेको छ ।
- ववई भाद्या नदिलाई अवसरको रुपमा लिई तटबन्धन लगायतका आवश्यक निर्माण कार्य अविलम्ब अघि बढाई कार्य गरेमा गुलरियाको भविष्यमा उक्त नदि कोशे ढुंगा सावित हुनेमा अत्यूक्ति नहोला ।

## अनुसूचि

वार्षिक प्रगति समिक्षाको माइन्यूटको प्रति
प्रगति समिक्षाको फोटोहरु

## सन्दर्भ सामाग्री

१) वार्षिक प्रगति समक्षिा माइन्यूट पुस्तिका ।
२) नगरपालिकाको नगर प्रोफाइल ।
३). नगरपरिषद पुस्तक ।
४) स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली

आज मिति २०७१ साल असोज २८ गतेका दिन गुलरिया नगरपालिकाको प्रमुख एवं कार्यकारी अधिकृत श्री बालाराम शर्मा ज्यू को अध्यक्षतामा यस गुलरिया नगरपालिकाको आ.व. २०७०।०७१ मा संचालन भएका विभिन्न योजना तथा कार्यक्रमहरुको वार्षिक प्रगति समीक्षा कार्यक्रमको आयोजना गरियो । उपस्थिति निम्न बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

१ श्री बालाराम शर्मा - प्रमुख एवं कार्यकारी अधिकृत
२ श्री डिल्लीराम सिम्खेल स्थानिय विकास अधिकारी प्र.अ.
३ श्री राज कुमार यादव - नै० का०
४ श्री नारायण प्र० गौतम - नै० का० पा० एमाले
५ श्री हरि प्रसाद पासवान - ऐ. नै० का० पा० माओवादी
६ श्री मंगरे थारु/गौडिया - रा० प्र० पा० नेपाल
७ श्री ~~नमिन बहादुर बोहरा~~ मेघनाथ अधिकारी - रा० प्र० पा०
८ श्री प्रभुराम गौडिया - मे. ज. अ. फोरम लोकतान्त्रिक
९ श्री मलखे यादव जि=सचिव - " नेपाल
१० श्री किर्तिनाथ यादव - त. म. लो. पा
११ श्री रङ्गीलाल थारु - सद्भावना पार्टी
१२ श्री गुरु बहादुर विष्ट - नै के.पा० माले
१३ श्री अखिल लामिछाने - नेपाल परिवार दल